क्व्होलासोथार गाउँपालिका
कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बैठकको नामः क्व्होलासोथार गाउँपालिका (गाउँ कार्यपालिकाको बैठक)

बैठक क्रम संख्याः बाह्रौं

अध्यक्षताः अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ

मितिः २०८३।०२।३१, आइतबार

स्थानः क्व्होलासोथार गाउँपालिकाको सभाहल, मालिङ।

उपस्थितीः

| क्र.स. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरूङ | अध्यक्ष | क्व्होलासोथार गा.पा. -६ | |
| २ | गमीमाया गुरुङ | उपाध्यक्ष | क्व्होलासोथार गा.पा. -४ | |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. -१ | |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. -२ | |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. -३ | |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. -४ | |
| ७ | गित बहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. -५ | |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. -६ | |
| ९ | लक्ष्मन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. -७ | |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. -८ | |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. -९ | |
| १२ | श्री गंगा बहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १३ | श्री सुल बहादुर बि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -४ | |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -८ | |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -९ | |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -७ | |
| १८ | श्री माधव प्रसाद वाग्ले | प्रमुख प्रशासकीय अधिकृत | क्व्होलासोथार गा.पा. | |
| १९. | श्री. सुमन पौडेल | प्रशासकीय अधिकृत | क्व्होलासोथार गा.पा. | |
| २० | श्री कल्पना गुरुङ. | एम.आई.एस. अपरेटर | क्व्होलासोथार गा.पा. | |
| २१. | श्री ममता गुरुङ | उद्यम विकास सहजकर्ता | " | |
| २२. | श्री स्मृति अधिकारी | कृषि अधिकृत | " | |
| २३ | श्री ~~[illegible]~~ चित्र घले | योजना शाखा | " | |
| २४. | श्री दिपक राज पौडेल | शिक्षा शाखा प्रमुख | " " | |
| २५. | डा. अनुप गुरुङ | पशु सेवा शाखा प्रमुख | " " | |
| २६ | सन्देश गुरुङ | रोजगार संयोजक | " " | |

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**बाह्रौं कार्यपालिका बैठक २०८३।०२।३१ आइतवार**

**प्रस्ताव नं १ . वार्षिक नीति तथा कार्यक्रम र बजेट- २०८३।०८४ का प्राथमिकता र सिमा मार्गनिर्देशन र निर्धारण सम्बन्धमा।**

**निर्णय नं १. क.** स्थानीय सरकार सञ्चालन ऐन-२०७४, गाउँपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना (MTEF)बमोजिम बजेट बिनियोजनलाई स्थानीय विकासको प्राथमिकतामा केन्द्रित गर्न क्व्होलासोथार गाउँपालिकाले स्वीकृत दीर्घकालिन वा अन्य योजनाहरु वार्षिक वजेटमा समावेश गर्दा देहायका आधारहरु प्राथमिकिकरण गर्ने।

**आधारहरु**

१. उत्पादन र उत्पादकत्व बृध्दि (कृषि, ग्रामिण पर्यटन)
२. दिगो पूर्वाधार योजना निर्माण र अपुरा आयोजनाको पूर्णता
३. विधुतीय शासन प्रवर्द्धन र शासकीय सुधार
४. मानव संशाधन विकास(शिक्षा, स्वास्थ्य, नवप्रवर्तन) र रोजगारी सिर्जना
५. वित्तीय अनुशासन र राजश्वको दायरा विस्तार तथा परिचालन
६. विपद व्यवस्थापन

**ख.** स्रोत अनुमान तथा बजेट निर्धारण समितिबाट पेश भएबमोजिमको सिमा मार्गदर्शनलाई आधार मानी देहायको वडागत बजेट सिमा सबै वडा कार्यालयलाई पठाउने ।

| वडा नं | बजेट सिमा रु. | कैफियत |
|---|---|---|
| १ | ३०,६५,४५७। | जनसंख्या भार |
| २ | ३१,०८,२१०। | क्षेत्रफल भार |
| ३ | ३१,०३,८८५। | राजश्व भार |
| ४ | ३२,५०,०००। | आधार मानी |
| ५ | ३०,९९,३४१। | सिमा निर्धारण गरिएको |
| ६ | ३१,०७,१७०। | |
| ७ | ३०,७८,४१४। | |
| ८ | ३०,९८,०७२। | |
| ९ | ३१,२७,३१७। | |
| जम्मा | २,८०,३७,८६६। | |

CamScanner

ख्होलासोथार गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**बाह्रौं कार्यपालिका बैठक २०८३।०२।३१ आइतवार**

**प्रस्ताव नं २. गाउँसभाको २० औं अधिवेशन (वजेट अधिवेशन) आह्वान सम्बन्धमा।**

**निर्णय नं २.** क्व्होलासोथार गाउँसभाको २० औं अधिवेशन (वजेट अधिवेशन) वडा नं ३ स्थित घलेगाउँमा मिति २०८३।०३।१० गते बुधबार देखि प्रारम्भ गर्ने गरी आह्वान गर्ने।

**प्रस्ताव नं ३. पालिकागत तथा वडागत योजनाहरुको वजेट बाँडफाँड गर्दा खर्च संकेत तथा वर्गीकरण र व्याख्या गरी पेश गर्ने सम्बन्धमा।**

**निर्णय नं ३.** सरकारी आर्थिक कारोबारलाई व्यवस्थित, पारदर्शी र एकरुपता कायम गर्न एवं वजेट तर्जुमा, खर्च लेखाङ्कन र प्रतिवेदन कार्यलाई अन्तराष्ट्रिय मापदण्ड अनुकुल बनाउन लागि वार्षिक वजेटमा समावेश भएका पालिकागत तथा वडागत योजनाहरुको वजेट बाँडफाँड गर्दा खर्च सांकेतिकरण तथा वर्गीकरण (खर्च आधार शिर्षक, मूल शिर्षक, शिर्षक-उपशिर्षक) र व्याख्या गर्ने र पेश गर्ने।

**प्रस्ताव नं ४. मिदिम र रुदि खोलाको नदिजन्य पदार्थ (ढुङ्गा, गिटि र बालुवा लगायत ) को उत्खनन र बिक्रीका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को अन्तिम प्रतिवेदन स्वीकृत सम्बन्धमा।**

**निर्णय नं ४.** मिदिम र रुदि खोलाको नदिजन्य पदार्थ (ढुङ्गा, गिटि र बालुवा लगायत ) को उत्खनन र बिक्रीका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) कार्यको परामर्शदाता जेनेसिस इन्जिनियरिङ डिजायन एण्ड बिल्डर्स प्रा.लि. काठमाण्डौले सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ कोअधिनमा गरिएको सम्झौता बमोजिम सबै कार्य सम्पन्न गरी क्व्होलासोथार गाउँपालिका कार्यालयलाई अन्तिम प्रतिवेदन पेश गरेकोमा यस प्रतिवेदनउपर छलफल समेत भएकोले प्रतिवेदन स्वीकृत गर्ने।

**प्रस्ताव नं ५. क्व्होलासोथार गाउँपालिकाको आ.व. २०८१।०८२ को अन्तिम लेखा परिक्षण प्रतिवेदन उपर छलफल सम्बन्धमा।**

**निर्णय नं ५.** आ.व. २०८१।०८२ को अन्तिम लेखा परिक्षण प्रतिवेदन(६३ औं प्रतिवेदन)मा उल्लेख भए बमोजिम क्व्होलासोथार गाउँपालिकाको असुल गर्नुपर्ने रु ३ लाख, प्रमाण कागजात पेश गर्नुपर्ने रु २ लाख ५६ हजार र नियमित गर्नुपर्ने रु २२ लाख ७२ हजार ७६१ गरी रु २८ लाख २८ हजार ७६१ (०.३६ प्रतिशत) बेरुजु रहेको छ। हालसम्मको अद्यावधिक बेरुजु रु ५ करोड ७६ लाख ७२ हजार रहेकोमा यस आर्थिक वर्षमा रु १ करोड ६० लाख १२ हजार ४१६ सम्परिक्षण समेत भइ बेरुजु फर्छौट गरिएको छ।

क्व्होलासोथार गाउँपालिकाले आ.व. २०८०।०८१ मा रु ७४ लाख १३ हजार ३२५, आ.व. २०८१।०८२ मा रु ३ करोड २४ लाख १२ हजार २१२ र आ.व. २०८२।०८३ मा रु रु १ करोड ६० लाख १२ हजार ४१६ सम्परिक्षण गरी हालसम्म रु ५ करोड ५८ लाख ३७ हजार ९५३ बेरुजु फर्छौट गरिसककेको छ।महालेखा परिक्षकको कार्यालयबाट प्राप्त कैफियत सहितको राय सुझाव लिई वित्तीय सुशासन प्रत्याभुत गर्ने तथा बेरुजु नियमित गर्ने निर्णय।

CamScanner

गण्डकी प्रदेश, नेपाल
२०७३

बाह्रौं कार्यपालिका बैठक २०८३।०२।३१ आइतवार

**प्रस्ताव नं ६. रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धमा स्थानीय कार्यान्वयन समिति गठन सम्बन्धमा।**

**निर्णय नं ६.** प्रत्येक स्थानीय तहमा रोजगार, सीप तथा उद्यमशिलता सम्बन्धी एकीकृत रुपमा सेवा प्रवाह गर्न ऐ.कार्यविधि २०८३ को बुँदा ४० बमोजिम देहायको समिति रहने निर्णय।

**स्थानीय कार्यान्वयन समिति**

संयोजक – अध्यक्ष श्री सूर्य प्रसाद गुरुङ
सदस्य – उपाध्यक्ष श्री गमीमाया गुरुङ
सदस्य – प्र. प्र.अ.श्री माधव प्रसाद वाग्ले
सदस्य – उद्यम विकास सहजकर्ता श्री ममता गुरुङ
सदस्य – CTEVT बाट तोकिएको सदस्य
सदस्य – श्री दिलेश्वर गुरुङ, वडा नं ३
सदस्य – श्री शर्मिला गुरुङ, वडा नं २
सदस्य – श्री दिपक श्रेष्ठ, वडा नं १
सदस्य सचिव – रोजगार संयोजक सन्दिभ गुरुङ

**प्रस्ताव नं ७. स्थानीय आर्थिक गणना समन्वय समिति गठन सम्बन्धमा।**

**निर्णय नं ७.** राष्ट्रिय आर्थिक गणना सञ्चालनसम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड २०८२ को दफा १७ बमोजिम राष्ट्रिय आर्थिक गणना २०८२ को पूर्ण रुपमा प्रत्याभूत गर्न देहायको समिति रहने निर्णय।

**स्थानीय आर्थिक गणना समन्वय समिति**

संयोजक – अध्यक्ष सूर्य प्रसाद गुरुङ
सदस्य – उपाध्यक्ष गमीमाया गुरुङ
सदस्य – श्री दिलेश्वर गुरुङ, वडा नं ३
सदस्य – श्री शर्मिला गुरुङ, वडा नं २
सदस्य – श्री दिपक श्रेष्ठ, वडा नं १
सदस्य – मालिङ प्रहरी चौकी इन्चार्ज दिपक किसान
सदस्य सचिव – प्रशासकीय अधिकृत सुमन पौडेल

CamScanner

क्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

## बाह्रौं कार्यपालिका बैठक २०८३।०२।३१ आइतवार

**प्रस्ताव नं ८ योजना/ कार्यक्रमहरुको कार्यान्वयनको अवस्था, म्याद थपका विषय छलफल सम्बन्धमा।**

**निर्णय नं ८.** यस कार्यालयसँग सम्झौता भई निर्धारित समयावधीमा काम सम्पन्न नगरेका उपभोक्ता समितिहरुको हकमा ऐ .असार २० र निर्माण व्यवसायीमार्फत गरिएको योजनाको हकमा देहायबमोजिम म्याद थप गर्ने।

क. ६ नं वडा कार्यालय भवन निर्माण- पूर्व निर्धारित क्षतिपूर्ति (Liqudated damage)सहित मिति २०८३।०३।२० सम्म।

ख. सुलिकोट पर्यटन पूर्वाधार निर्माण- पूर्व निर्धारित क्षतिपूर्ति (Liqudated damage)सहित मिति २०८३।०३।२० सम्म।

ग. सिङ्दी खानेपानी संरचना निर्माण- मिति २०८३।०३।२० सम्म म्याद थप।

घ. काम्रो तथा लम्क्यु खोला मोटरपुल निर्माण- समयावधी सकिएको हुँदा वजेट छुट्टाएर म्याद थप गर्ने ।

**प्रस्ताव नं ९ अ.स.ई रमेश श्रेष्ठ(क स नं २४१२५२)को सञ्चित घर बिदा बराबरको बिदा स्वीकृत सम्बन्धमा।**

**निर्णय नं ९.** यस कार्यालयमा मिति २०७७।०१।३१ गते नियुक्ति लिई हालसम्म कार्यरत अ.स.ई रमेश श्रेष्ठ(क. स. नं २४१२५२) ले आफ्नो श्रीमतीको स्वास्थ्य अवस्था जटिल भई मिति २०८३।०२।३१ गतेबाट बिदामा बस्न आवश्यक रहेको र सो विदा सञ्चित बिदाबाट स्वीकृत गरिदिनुहुन भनी दिएको निवेदन मनासिव रहेकोले बढीमा सार्वजनिक विदा बाहेक ६ महिनाका लागि विदा स्वीकृत गर्ने ।

**प्रस्ताव नं १० : JCB भाडामा लिने सूचना प्रकाशन अनुमति सम्बन्धमा।**

**निर्णय नं १० :** क्होलासोथार गाउँपालिकामा आन्तरिक सडकहरु कच्ची रहेकाले बर्षायाममा ग्रामिण सडकहरुमा क्षति पुग्ने देखिएको र बाह्रै महिना सडक सञ्चालनमा ल्याई आम नागरिकहरुलाई सडक यातायातमा पहुँच पुर्याउने उदेश्यले Back Hoe loader (जेसिभि) भाडामा लिन सार्वजनिक सूचना जारी गर्न अनुमति दिने।

**प्रस्ताव नं ९. आर्थिक सहायता सम्बन्धमा।**

**निर्णय नं ९.** सम्बन्धित व्यक्ति तथा संस्थाबाट प्राप्त निवेदन सहित आवश्यक संलग्न कागतजातहरु र वडा कार्यालयको सिफारिसका आधारमा देहायका संस्था तथा व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने।

| क्र .सं. | व्यक्ति तथा संस्थाको नाम | सहायता रकम/ सामाग्री | उपलब्धताको कारण |
|---|---|---|---|
| १. | हुम बहादुर सार्की, वडा नं ९ | रु. १,००,०००। | डायलासिस। मृगौला रोग उपचार खर्च |
| २. | सोर बहादुर गुरुङ, वडा नं ५ | रु. १,००,०००। | क्यान्सर रोग उपचार खर्च |

CamScanner

गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बाह्रौं कार्यपालिका बैठक २०८३।०२।३१ आइतवार

| | | | |
|---|---|---|---|
| ३. | निरुपा गुरुङ, वडा नं ४ | रु. १,००,०००। | क्यान्सर रोग उपचार खर्च |
| ४. | चन्द्रकाशी घले गुरुङ, वडा नं २/ गाउँपालिका कर्मचारी | रु. ३५,०००। | एपेण्डिसाइटिस उपचार खर्च |
| ५. | हुकुमसिंह गुरुङ, वडा नं २/वडा सदस्य | रु. ३०,०००। | नेजल ब्लीडिङ उपचार खर्च |
| ६. | रेडियो चौतारी 91.4 Mhz, लमजुङ | रु. २५,०००। | वार्षिक साधारण सभा एवं अधिवेशन |
| ७. | लमजुङ दर्पण दैनिक, लमजुङ | रु. ३५,०००। | वार्षिक साधारण सभा एवं अधिवेशन |
| ८. | प्रेम कुमारी बि.क., वडा नं १ | रु. २५,०००। | उपचार खर्च |
| ९. | घाम्राङ ढुङ्गाखानी, वडा नं ८ | ५ वटा पोल | विद्युतिकरण विस्तार |
| १०. | पत्रकार अञ्जन कुमार हिमाली, BB Distributors Pvt. Ltd. | रु. १५,०००। | सूचना प्रकाशन खर्च |
| ११. | पत्रकार सृजना बराल, Maya Media House | रु. १५,०००। | सूचना प्रकाशन खर्च |

**प्रस्ताव नं १० . विविध**

**निर्णय नं १०.**

क) वडा नं ६ निवासी गोनन्द गुरुङको खानेपानी पाइप खरिद गर्नका लागि बढीमा रु ४५ हजार लागत अनुमान र मुल्याङ्कनका आधारमा आवश्यक कागजातसहित भुक्तानी गर्न सिफारिस गर्ने।

ख) वडा नं ६ निवासी तर्कमान गुरुङले पानी घट्टाको छाना मर्मत गर्न (जस्ता खरिद)का लागि बढीमा रु ३१ हजार लागत अनुमान र मुल्याङ्कनका आधारमा आवश्यक कागजातसहित भुक्तानी गर्न सिफारिस गर्ने।

ग) बेसीशहरस्थित तमु ह्युल छौं ति निर्माणार्थका लागि रु २ लाख लागत अनुमान र मुल्याङ्कनका आधारमा आवश्यक कागजातसहितका आधारमा भैपरी पूँजीगत स्रोतबाट सोधभर्ना दिन स्वीकृति दिने।

घ) वडा नं ४ स्थित भुजुङ सडकखण्ड पहिरो हटाउन प्रयोग गरेको एक्साभेटर खर्च वापतको रकम रु ६३ हजार अनुमोदन गर्ने।

ङ) सेवा सुविधा भुक्तानी प्रयोजनार्थ पदाधिकारीको लागि PAN नं अनिवार्य तथा विमा कागज अनिवार्य रुपमा बुझाउने।

च) भूमि प्रशासन कार्यालय, लमजुङबाट घरजग्गा रजिष्ट्रेशन प्रयोजनार्थ जगाको न्युनतम मुल्याङ्कन कायम गर्न बाटोको विवरण खुलाई पठाउन पत्राचार गरेकोले वडा कार्यालयहरुले ५ दिनभित्र सम्बन्धित विवरण गाउँपालिकामा पठाउने।

CamScanner